जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.जि.हु.का.द.नं. ५/०६४/०६५

राजविराज दैनिक

वर्ष ३६ अंक १०६ २०८३ साल मंसिर ७ गते सोमबार (23 Nov 2026 Monday) मूल्य रु. ५/-

बालविवाह र बालश्रम विरुद्ध सजगता

कानुनी उमेर :
नेपालमा विवाह गर्ने कानुनी उमेर २० वर्ष हो ।

उमेर नपुगी विवाह :
शारीरिक र मानसिक स्वास्थ्यमा गम्भीर असर ।

बालश्रम निषेध :
१४ वर्ष मुनिका बालबालिकालाई काममा लगाउनु कानुनी अपराध हो ।

शिक्षाको निरन्तरता :
हरेक बालबालिकालाई विद्यालय पठाउनु अभिभावकको दायित्व हो ।

Log in : *rajbirajdainik.com.np*

यस अंक भित्र : २ पृष्ठमा : एनपिएल क्रिकेटको उपलब्धि... ३ पृष्ठमा : जनकपुरधाम-अयोध्या रेल... ३ पृष्ठमा : विषाक्त मदिरा सेवनबाट ...

ठगिको आरोपमा पक्राउ परेका हनुमानी बिरुद्ध प्रमाणसहित जाहेरी दर्खास्त दिन प्रहरीको अनुरोध

दैनिक समाचारदाता
राजविराज, ६ मंसिर ।

रकम दोब्बर बनाईदिने भन्दै ठगि धन्दा चलाइरहेका सप्तरीको तिलाठी कोइलाडी गाउँपालिका वडा नं. ७ बभनगामा निवासी ५२ वर्षिय हनुमानी भन्ने राम वहादुर रजकबाट पीडित भएका अन्य कोही व्यक्तिहरुलाई प्रमाणसहित जाहेरी दर्खास्त दिन प्रहरीले अनुरोध गरेको छ ।

जिल्ला प्रहरी कार्यालय सप्तरी सप्तरीद्वारा आइतबार जारि प्रेस विज्ञप्तिमार्फत पीडितहरुलाई प्रमाणसहित जाहेरी दर्खास्त दिन आग्रह गरिएको हो ।

जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी प्रवक्ता डिएसपी हेमराज घिमिरेद्वारा जारी प्रेस विज्ञप्तिमा हनुमानी भन्ने राम वहादुर रजकलाई ठगी तथा आपराधिक विश्वासघात मुद्दामा २०८३ कात्तिक १७ गते पक्राउ गरेर सप्तरी जिल्ला अदालतवाट म्याद थप गरी अनुसन्धान कार्य भईरहेको जनाइएको छ ।



पक्राउ परेका हनुमानी भन्ने राम वहादुर रजक
तस्बिर : जिप्रका सप्तरी

जारि विज्ञप्तिमा "निज प्रतिवादीवाट पीडित भएका अन्य कोही व्यक्तिहरु छन भने प्रमाणसहित जिल्ला प्रहरी कार्यालय सप्तरीमा आइ निज प्रतिवादी विरुद्ध जाहेरी दर्खास्त दिन हुन अनुरोध गरिएको छ ।" उल्लेख छ ।

"साथै निजले दिने गरेको यस्ता किसिमको कुरामा विश्वास नगर्न हुन र अन्धविश्वास तथा प्रभावमा नपर्न हुन समेत सर्वसाधारण मानिसहरुमा जानकारीका लागी सुचित गरिन्छ ।" विज्ञप्ति मार्फत जनाइएको छ ।

हनुमानी र उनका छिमेकी समेत रहेका सहयोगी ३४ वर्षिय गुन्जेश सिंहलाई एकै दिन प्रहरीले नियन्त्रणमा लिएको थियो । यसअघि पनि ठगी आरोपमा पक्राउ परेर धरौटीमा छुटेका हनुमानी विरुद्ध नयाँ उजुरी परेपछि घरबाटै उनलाई नियन्त्रणमा लिएको प्रहरीले जनाएको छ ।

कटुवा पेस्तोल र गोलीसहित महिला पक्राउ

दैनिक समाचारदाता
धनुषा, ६ मंसिर ।

धनुषा जिल्लाको धनुषाधामबाट कटुवा पेस्तोल र गोलीसहित एक महिला पक्राउ परेकी छन् ।

धनुषाधाम नगरपालिका ४ गौरीपुर टोलबाट सिरहाको कल्याणपुर नगरपालिका ५ की ४० वर्षीया गंगावती महतोलाई आइतबार बिहान प्रहरीले पक्राउ गरेको हो ।

इलाका प्रहरी कार्यालय धनुषाधामबाट खटिएको प्रहरी टोलीले विशेष सूचनाका आधारमा कम्मरमा कटुवा पेस्तोल एक थान र त्यसमा प्रयोग हुने एक राउण्ड गोली लुकाएर लैजाँदै गरेको अवस्थामा उनलाई पक्राउ गरेको जनाएको छ ।

धनुषाका प्रहरी प्रवक्ता एवं डीएसपी ओमप्रकाश खनालले बरामद हतियार र गोलीसहित महतोलाई नियन्त्रणमा लिएर प्रचलित कानुनअनुसार कारबाही तथा थप अनुसन्धान अघि बढाइएको जानकारी दिए ।

"सर्वदलीय सरकार बनाउछु" : नवनियुक्त मुख्यमन्त्री यादव

दैनिक समाचारदाता
जनकपुरधाम, ६ मंसिर ।

मधेस प्रदेशका नवनियुक्त मुख्यमन्त्री सरोजकुमार यादवले आइतबार पद तथा गोपनीयताको शपथ लिएका छन् । उनलाई प्रदेश प्रमुख सुरेन्द्रलाभ कर्णले प्रदेशप्रमुखको कार्यालयमा शपथ गराएका थिए ।



प्रदेश प्रमुख सुरेन्द्रलाभ कर्णले नेपालको संविधानको धारा १६८ को उपधारा (२) बमोजिम प्रदेशसभामा प्रतिनिधित्व गर्ने दुई वा दुईभन्दा बढी दलको समर्थनमा बहुमत प्राप्त गर्न सक्ने प्रदेशसभा सदस्यलाई मुख्यमन्त्रीमा नियुक्त गर्न मंसिर ४ गते अपराह्न ४ बजेसम्म दाबी पेस गर्न आह्वान गरेका थिए थिए ।

निर्धारित समयभित्र कुनै पनि दलबाट दाबी पेस नभएपछि प्रदेशसभामा सबैभन्दा बढी सदस्य रहेको दलका संसदीय दलका नेता यादवलाई संविधानको धारा १६८ को उपधारा (३) बमोजिम शनिबार मुख्यमन्त्रीमा उनलाई नियुक्त गरिएको हो ।

यसैबीच नवनियुक्त मुख्यमन्त्री यादवले मधेस प्रदेशमा सर्वदलीय सरकार बनाउने बताएका छन् । मुख्यमन्त्रीको शपथ लिएपछि सञ्चारकर्मीसँग संक्षिप्त कुराकानी गर्दै उनले प्रदेशसभामा प्रतिनिधित्व गर्ने सबै

बाँकी अन्तिम पृष्ठमा

मैथिली भाषाको पठनपाठन सुरु गर्न स्थानीय सरकारसँग माग



दैनिक समाचारदाता
राजविराज, ६ मंसिर ।

महाकवि विद्यापतिको साहित्यिक योगदानको स्मरण गर्दै मैथिली भाषा, साहित्य र संस्कृतिको संरक्षण तथा प्रवर्द्धन गर्नुपर्नेमा जोड दिइएको छ ।

मैथिली साहित्य परिषद् सप्तरीले आइतबार राजविराजमा आयोजना गरेको विद्यापति स्मृति पर्व तथा श्रद्धाञ्जली सभाका वक्ताहरूले मैथिली भाषाको विकास र पुस्तान्तरणका लागि स्थानीय तहले विद्यालयमा मैथिली भाषाको पठनपाठन सुरु गर्नुपर्ने आवश्यकता औल्याएका हुन् ।

उनीहरूले संविधानले स्थानीय भाषामा पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गर्ने अधिकार स्थानीय सरकारलाई दिए पनि त्यसको प्रभावकारी कार्यान्वयन हुन नसकेकोप्रति असन्तुष्टि व्यक्त गरे ।

मैथिली भाषाको संरक्षण र विकासका लागि स्थानीय सरकारलाई जिम्मेवार बनाउन मैथिली अभियानीहरूले सशक्त रुपमा आवाज उठाउनुपर्ने उनीहरूको भनाइ थियो ।

कार्यक्रमका विशिष्ट अतिथि तथा मैथिली साहित्य परिषद्का पूर्वअध्यक्ष विष्णु कुमार मण्डलले मैथिली अभियानीहरुकै कमजोरीका कारण मैथिली आन्दोलन अपेक्षित रूपमा सफल हुन नसकेको टिप्पणी गरे । मैथिली भाषा र साहित्यको विकासका लागि काम गर्नुपर्ने स्थानमा रहेका केही व्यक्तिको सीमित स्वार्थका कारण भाषा पछाडि परेको उनको आरोप थियो ।

उनले महाकवि विद्यापतिले मैथिली भाषा, साहित्य र संस्कृतिको विकासमा पुऱ्याउनु भएको योगदानलाई नयाँ पुस्तासम्म पुऱ्याउनुपर्ने बताउँदै मैथिली साहित्य परिषद्का गतिविधिलाई निरन्तरता दिन र संस्थालाई चलायमान बनाउन वर्तमान कार्यसमितिलाई सुझाव दिए ।

कार्यक्रममा परिषद्का पूर्वअध्यक्षद्वय विवेकानन्द मिश्र र

बाँकी अन्तिम पृष्ठमा

IMPACT Nepal

आवश्यकता

अपाङ्गता रोकथाममा समर्पित गैर-सरकारी सामाजिक संस्था **इम्प्याक्ट नेपाल**का लागि करार सेवामा तपसिल बमोजिमका पदहरु पूर्ति गर्नुपर्ने भएकोले इच्छुक नेपाली नागरिकहरुबाट मिति **२०८३ मंसिर १६ गते सम्ममा** आइपुग्ने गरि दरखास्त आह्वान गरिएको छ ।

पद	काम गर्ने स्थान	संख्या	न्यूनतम योग्यता
प्राथमिक कान उपचार कार्यकर्ता	बारा/पर्सा/सप्तरी	५	CMA/HA

द्रष्टव्य:

१. दरखास्त बुझाउनु पर्ने स्थान: इम्प्याक्ट नेपाल रुँगटा वेलफेयर कान उपचार केन्द्र गण्डक बहुअरी वीरगंज (०५१-४११०५४) वा इम्प्याक्ट नेपाल प्राथमिक कान उपचार केन्द्र घुसुकपुर, कलैया (९८४५६००६००) वा इम्प्याक्ट नेपाल कान उपचार केन्द्र गौर (०५५-५२०७७३) वा इम्प्याक्ट नेपाल ठाकोदेवी जोगेन्द्र भगत कान उपचार केन्द्र मलेठ, राजविराज (०३१-५९०००५) वा ईमेल: vacancy.impactnepal@gmail.com मार्फत् पनि पठाउन सकिने छ ।
२. दरखास्तका साथ नागरिकता, शैक्षिक योग्यता, तालिम, अनुभव तथा प्रशंसापत्रको प्रमाण-पत्रका प्रतिलिपिहरु पेश गर्नु पर्नेछ ।
३. अनुभवी र स्थानीय उम्मेदवारलाई प्राथमिकता दिइनेछ ।
४. तलव भत्ता तथा अन्य सुविधा संस्थाको नियमानुसार हुनेछ ।

सम्पादकीय

घुम्ती पशु चिकित्सक सेवा विस्तार गर्नु आवश्यक

सप्तरीमा पशुपालन व्यवसायप्रति किसानको आकर्षण घट्दै जादा ग्रामीण जीवनशैली र खाद्य सुरक्षामै गम्भीर असर पर्न थालेको छ। गाई, भैंसी, बाख्रा, कुखुरा पालनजस्ता कामबाट आम्दानी गर्ने परिवारको संख्या घट्नुले पशुपालन क्षेत्र कमजोर बनदै गएको छ। उत्पादन लागतको अत्यधिक वृद्धि, दाना, औषधि, खोप र पशु उपचार खर्च दिनप्रतिदिन बढ्दै जाँदा किसानको लगानी फिर्ता हुन कठिन भएको छ।

रोग-व्याधिको नियन्त्रणमा कमजोरी र पशु सेवा केन्द्रहरूको सीमित पहुँचले समेत समस्या थपेको छ। समयमा खोप नपाउनु, प्राविधिक परामर्शको अभाव र आकस्मिक रोग लाग्दा हुने क्षतिले किसानलाई थप मारमा पारेको छ। अर्कोतर्फ युवाशक्ति विदेश पलायन भइरहँदा गाउँमा श्रम अभाव चर्किदै गएको छ। पशुपालनजस्तो नियमित हेरचाह आवश्यक पर्ने काममा पर्याप्त जनशक्ति नहुँदा परम्परागत रूपमा चल्दै आएको यो पेशा लोपोन्मुख बन्दै गएको देखिन्छ। बजारमा दूध, मासु र अन्डाको मूल्य किसानमैत्री नहुनु तथा बिचौलियाको नियन्त्रण अझै बलियो हुनु किसानका लागि अर्को निराशा बनेको छ।

पशु बिमा योजनालाई सहज, भरपर्दो र किसानमैत्री बनाउनु सके यस व्यवसायीतर्फ पुनः किसानहरु आकर्षित हुनेछ। तसर्थ यस बाहेक पशु स्वास्थ्य सेवा गाउँस्तरसम्म प्रभावकारी बनाउँदै घुम्ती पशु चिकित्सक सेवा विस्तार गर्नु आवश्यक छ।

सप्तरीका रमणीय ठाउहरुबारे तपाईंलाई थाहा छ ?

सप्तरी जिल्ला पर्यटकीय गन्तव्यका लागि आकर्षक छ। तर, यसबारे धेरैलाई जानकारी छैन्। धार्मिक पर्यटकदेखि रमणीयस्थलहरु छन्।

धार्मिक पर्यटनमा मुलुककै प्रसिद्ध एवं चर्चित छिन्नमस्ता मन्दिर यहीं जिल्लामा छन्। छिन्नमस्ता गाउँपालिकामा अविस्थत यो मन्दिरमा पूजापाठ गर्न टाढा टाढाबाट व्यक्तिहरु आउने गर्छन्। मन्दिर अगाडि रहेको पोखरी, पिकनिक स्पोर्ट, धर्मशाला समेत यहाँ रहेको छ।

कंकालिनी मन्दिर : हनुमाननगर कंकालिनी नगरपालिका वडा नम्बर १ भारदहस्थित यो मन्दिर पनि मुलुककै चर्चित देवी मन्दिर हो।

शम्भुनाथ मन्दिर : यो शम्भुनाथ नगरपालिकाभित्र छ। मन्दिरकै नामबाट पालिकाको नामांकरण समेत गरिएको छ। यहाँ बिक्रम सम्वत्को नयाँ साल अर्थात् बैशाख १ गतेदेखि एक महिनासम्म ठूलो मेला लाग्ने गर्दछ। साउन महिनामा श्रद्धालुको ठूलो घुइँचो यहाँ लाग्ने गर्दछ।

हनुमान मन्दिर : हनुमानगर कंकालिनी नगरपालिकाको हनुमाननगर बजारमा पुरानो हनुमान मन्दिर छ। कालो हनुमान मन्दिर पुग्दा जोकोहि पनि मोहित हुन्छन्। जिल्लामा अन्य धेरै देवी देवताका मन्दिरहरु छन्।

कोशी टप्पु : कोशी टप्पु वन्यजन्तु आरक्ष पनि यहीं जिल्लामा छन्। कंचनरुप नगरपालिकास्थित आरक्षमा गैंडासहित बिभिन्न वन्यजन्तुहरुको अवलोकन गर्न सकिन्छ।

धारापानी क्षेत्र : चुरको कोखमा रहेको यो धारापानी क्षेत्र कंचनरुप नगरपालिकामा रहेको छ। यो ठाउँ पिकनिक मनाउनका लागि राम्रो स्थल मानिन्छ।

लोहजारा दह : तिरहुत गाउँपालिकामा रहेको छ यो दह। यो ठाउँ पिकनिक मनाउनका लागि प्रसिद्ध मानिएको छ यो ठाउँ। यी ठाउँहरुको अवलोकन गरौं र मनलाई प्रसन्न बनाऔं।

जनहीतका लागि : राजविराज दैनिक

एनपिएल क्रिकेटको उपलब्धि तथा आगामी संस्करणका अपेक्षा

राजु सिलवाल

काठमाडौँ, ६ मंसिर (रासस)।

टेलिभिजनमा मात्र देखिएका विश्व प्रसिद्ध क्रिकेटरहरूका साथै नेपाली युवाहरूद्वारा काठमाडौंको कीर्तिपुरस्थित क्रिकेट मैदानमा गरिएको छक्का र चौकाको वर्षासँगै एकपछि अर्को विकेट झरेका रोमाञ्चकारी दृश्यहरूको सुखद सम्झनाका साथ नेपाल प्रिमियर लिग क्रिकेट एनपिएलको तेश्रो संस्करण सम्पन्न भएको छ। दर्शकहरूले यसपालि एनपिएलमा तीन वटा शतक प्रत्यक्ष रूपमा अवलोकन गर्ने महत्वपूर्ण अवसर पाएका थिए। पोखरा एभेन्जर्स टिमबाट खेलेका क्यानडाको राष्ट्रिय टिमका ओपनर ब्याटसम्यान युवराज सामरा, चितवन राईनोजबाट खेलेका श्रीलङ्काका ब्याटसम्यान कामिल मिसाराको शतकपछि फाइनलमा दर्शकहरूले स्कटल्याण्डका जर्ज मुन्सीको सनसनीपूर्ण सतकको मज्जा लिने मौका पाए।

महत्वपूर्ण कीर्तिमानहरू

एनपिएलको इतिहासमा एउटै खेलमा ५४ बलमा सर्वाधिक १२५ रन बनाएर सुदूरपश्चिम रोयल्सलाई उपाधि दिलाउन जर्ज मुन्सीले उल्लेखनीय भूमिका खेलेका थिए। सुदूरपश्चिम टिम तीन पटक फाइनलमा पुगेता पनि यसपटक पहिलो चोटी लुम्बिनी लायन्स टिमलाई गत वर्षको बदला लिँदै १० विकेटले पराजित गरेर उपाधि जित्न सफल भएको थियो। लुम्बिनी लायन्स टिम भने अपराजित बन्दै फाइनलमा पुग्ने पहिलो टिम बनेको थियो। गत वर्षको उपाधि विजेता लुम्बिनीले यसपालि पनि फाइनलमा उत्कृष्ट पुनरागमन गरेको थियो। पहिलो संस्करणमा सहभागी टिमहरू मध्ये पुछारमा रहन पुगेको लुम्बिनी दोस्रो संस्करणमा उपाधि हात पार्न सफल भएपनि यसपालि फाइनलमा फितलो प्रदर्शनले अघि बढन असमर्थ बन्न पुग्यो। सुदूरपश्चिम रोयल्स भने तेस्रो संस्करणमा दोस्रो क्वालिफायर्समा चितवन राईनोजलाई पराजित गरी तेस्रो पटक फाइनलमा पुग्न सफल भएको थियो। गत वर्ष भने यो टिम फाइनलमा पुग्ने पहिलो टिम बन्न पुगेको थियो। गत दुई संस्करणको उप विजेताका रूपमा खुम्चनु परेको पीडामा रहेको सुदूरपश्चिम टिमका लागि फाइनल खेलमा जर्ज मुन्सीले लगातार प्रहार गरेको १२ छक्का तथा ८ चौकाले रङ्गशालामा भएको गुञ्जयमान दरिलो मल्हम बन्न पुगेको थियो। यस वर्ष नेपालमा तीन खेल मात्र खेलेका मुन्सीले लुम्बिनी लायन्ससँगै खेलेको पहिलो खेलमा कुनै पनि रन लिन नसकि पेभेलियर फर्कनु परेको थियो भने चितवनसँगको खेलमा ८ रन मात्र लिएका थिए।अघिल्लो संस्करणमा विराटनगर किङ्गसका तर्फबाट खेल्दा ६ खेलमा कूल ६० रन मात्र बनाउन सकेका मुन्सीको पछिल्लो पटकको सफलता ऐतिहासिक हुन पुग्यो। अझ उल्लेखनीय प्रसङ्ग त एनपिएलमा ८ टिममा सहभागी भएका स्वदेशी तथा विदेशी खेलाडीहरू मध्ये ब्यक्तिगत रूपमा सबैभन्दा बढी कूल १७ वटा विकेट लिन चितवन राईनोज टिमका नेपाली खेलाडी रिजन ढकाल सफल हुनु नेपाली खेल जगतको गौरवको विषय मानिएको छ। प्रतियोगितामा पोखरा एभेन्जर्सका युवराज सामराले व्यक्तिगत रूपमा कूल २९४ रन बनाउन सफल भएका थिए। दोस्रो स्थानमा विराटनगर किङ्गसका नेपाली खेलाडी लोकेश बमले २४२ विशाल रन बनाएका थिए। प्रतियोगिता अवधिभर सबैभन्दा बढी १८ वटा छक्का बनाउन लोकेश बम सफल भएका थिए। पोखरा टिमका युवराज सामराले कूल २९ वटा चौका लिएका थिए। एउटै खेलमा सर्वाधिक ६ विकेट लिएर नेपालका सन्दिप लामिछानेले अर्को महत्वपूर्ण कीर्तिमान बनाएका थिए।

करोडौँ पुरस्कार

नेपालमा हालसम्म आयोजना भएका खेलकुद प्रतियोगितामध्ये सर्वाधिक धनरासीको पुरस्कार प्रदान गरिनु एनपिएल क्रिकेट प्रतियोगिताको विशेषता बन्न पुगेको छ। निजी क्षेत्रको लगानीमा सञ्चालन भइरहेका सहभागी टिमहरूको यो प्रतियोगितामा निजी क्षेत्रका व्यावसायिक प्रतिष्ठानहरूको सक्रियता तथा संलग्नता पनि आकर्षक रूपमा भइरहेका छन्। यसकै कारण जुटेको थुप्रै प्रयोजनले उपाधि विजेता सुदूरपश्चिम, उपविजेता लुम्बिनी लायन्स, तृतीय चितवन राईनोज र काठमाडौँ चौथो भएको काठमाडौँ गोर्खाजलाई गरी करोडौँ रुपैयाँ नगद पुरस्कार प्रदान गरिएको थियो। यस बाहेक विभिन्न टिमका नेपाली तथा विदेशी खेलाडीहरूले लाखौँ रुपैयाँ नगद पुरस्कार पाएका छन्। प्रतियोगिता अवधिभर २१८ रनका साथै ६ विकेट लिएर प्रतियोगिताकै सर्वोत्कृष्ठ खेलाडी घोषित भई सुदूरपश्चिम टिमका कप्तान दिपेन्द्र सिंह ऐरीले ५ लाख रुपैयाँ नगद पाएका थिए। फाइनलका सबैभन्दा प्रभावशाली खेलाडी बन्न सफल सुदूरपश्चिम टिमका जर्ज मुन्सीले बेग्ला बेग्लै राशिका विभिन्न चार पुरस्कार हात पार्न सफल भएका थिए।

कार र मोटरसाइकल पनि

यसपालि एनपिएल खेलेका खेलाडीहरूमध्ये सर्वाधिक भाग्यमानी नेपाली खेलाडीमा चितवन राईनोज टिमका बलर रिजन ढकाल हुन पुगे। हेटौँडाका २७ वर्षीय ढकालले सर्वोत्कृष्ठ नेपाली खेलाडीका रूपमा प्रतियोगिताको सबैभन्दा आकर्षक मानिएको करिब ६५ लाख रुपैयाँ लागतको ओमोडाको मोटरकार पुरस्कार जित्न सफल भएका छन्। नेपाली राष्ट्रिय टिममा समेत प्रतिनिधित्व गरिसकेका ढकालले एनपिएलको तेस्रो संस्करणका ८ खेलमा सर्वाधिक १७ विकेट लिएका थिए। ढकालले ६.२२ को इकोनोमी रेटमा बलिङ गरेर विकेटहरू लिन पुगेका थिए।

यस अघिका प्रतियोगितामा सुदूपश्चिम टिमका कप्तान दिपेन्द्रसिंह ऐरी र लुम्बिनी टिमका कप्तान रोहित पौडेलले कार पुरस्कार जितिसकेका छन्। भोलि सुखद सम्भावना बोकेका रिजन ढकालले गोल्डेन क्यापका साथै मोटरसाइकल तथा दुई लाख रुपैयाँ नगद पुरस्कार पनि पाएका छन्।

जनकपुर बोल्ट्स टिमका तर्फबाट पहिलो पटक प्रतिभा छनौट शिविरमार्फत डेब्यु गरी कूल १२ विकेट लिन सफल रौतहटका १६ वर्षीय राहुल यादवलाई प्रतियोगिताको इमर्जिङ प्लेयर घोषणा गरेर मोटरसाइकल पुरस्कार प्रदान गरिएको थियो। ९ कक्षामा अध्ययन गरिरहेका राहुल ४४६ जनाले नाम दर्ता गराएको प्रतिभा छनौट शिविरमा उत्कृष्ट प्रदर्शन गरी टिममा समावेश हुन सफल भएका थिए।

कमेण्टेटरको कमाल

नेपाली दर्शकहरू माझ तक्लु दाइका नामले परिचित स्कटल्याण्डका टेलिभिजन कमेण्टेटर एण्ड्रयु लियोनार्ड विगत केही वर्षदेखि विभिन्न क्रिकेट प्रतियोगिताको सिलसिलामा नेपालको सकारात्मक सन्देश प्रवाह गर्ने काममा सक्रिय हुँदै आएका छन्। एनपिएल क्रिकेटको टेलिभिजन कमेण्ट्री गरेका उनी सहितका अन्य विदेशी कमेण्टेटरहरूले प्रतियोगिता अवधिभर नेपालको कला संस्कृति, प्राकृतिक सौन्दर्य, मौलिकता आदि नेपालबारे जानकारी दिएका थिए। यस्तो प्रसंशनीय कार्यले भविष्यका दिनमा नेपालमा पर्यटन प्रवद्धनमा महत्वपूर्ण योगदान पुग्ने अपेक्षा गर्न सकिन्छ।अझ फाईनलका दिनमा सबै कमेण्टेटरहरूले ढाका टोपीका साथै नेपाली मौलिक पोसाक लगाएर उद्घोषण गरी गौरवान्वित बनाएका थिए।

एनपिएल खेल्न आएका विभिन्न मुलुकका ख्यातिप्राप्त खेलाडीहरूले नेपाल बसाइका सिलसिलामा सगरमाथाका साथै अन्य पर्यटकीय क्षेत्रमा गरेको भ्रमण तथा उनीहरूको अभिव्यक्ति पनि नेपालको प्रचारका लागि निक्कै महत्वपूर्ण हुने ठानिएको छ।

दर्शकहरूको अपार समर्थन

जाडोको मौसम बढिरहेको अवस्थामा रातिको समयमा समेत दिनहुँ अत्यधिक सङ्ख्यामा दर्शकहरू रङ्गशालामा उपस्थित भएर क्रिकेटको मनोरञ्जन लिनु यो प्रतियोगिताको सफलता मान्न सकिन्छ। एनपिएलको उद्घाटन तथा फाइनललगायतका खेलको टिकट छोटो अवधिमै सोल्डआउट भएबाट पनि क्रिकेटप्रतिको बढ्दो क्रेज देखिएको छ। फाइनलका दिनको टिकट पाउन नसकेका क्रिकेट प्रेमीहरूले विरोध प्रदर्शनसमेत गरेका थिए। विरोध बढ्दै गएपछि नेपाल क्रिकेट सङ्घ क्यानले फाइनलको टिकट प्राप्त गर्न नसकेका दर्शकहरूलाई आधिकारिक डिजिटल प्लेटफर्ममार्फत हेरेर प्रतियोगितालाई समर्थन गरिदिन आग्रहसमेत गर्नु परेको थियो। एनपिएलले दर्शकहरूमा क्रिकेटप्रतिको अभूतपूर्व आकर्षण बढाउँदै छुट्टै पहिचान स्थापित गरेको छ। तेस्रो संस्करणसम्म आइपुग्दा एनपिएलले क्रिकेटलाई सीमित खेलप्रेमीहरूको रुचिबाट आम नेपालीहरूका साथै विश्वका विभिन्न मुलुकका क्रिकेटलाई माया गर्नेहरूको ध्यान नेपालप्रति केन्द्रीत गर्न सफल भएको छ।

व्यावसायिक उचाई

यो प्रतियोगिताको माध्यमबाट नेपालमा फ्रेन्चाइज क्रिकेटको व्यावसायिक ढोका खुल्न गएको छ। आठ फ्रेन्चाइज टोलीबीचको प्रतिस्पर्धाले नेपाली क्रिकेटमा व्यावसायिक लगानी, प्रायोजन, विज्ञापन र खेल व्यवस्थापनको सम्भावना क्रमश विस्तार हुँदै गएको छ। एनपिएलले ३ वर्षको अवधिमा नेपालमा क्रिकेटलाई व्यावसायिक रूपमा उचाईमा स्थापित गरेर खेलकुद जगतमै अभूतपूर्व परिवर्तन भित्र्याउन सफल भएको छ। नेपाली क्रिकेटले पछिल्लो समय हाँसिल गरेको लोकप्रियता र अन्तरराष्ट्रिय पहिचानलाई थप उचाईमा पुऱ्याउन एनपिएल महत्वपूर्ण माध्यम बन्न पुगेको छ।

नेपालीलाई अवसर

यो प्रतियोगिताले घरेलु क्रिकेटमा नयाँ उत्साह थप्नुका साथै खेलाडीहरूमा व्यावसायिक प्रतिस्पर्धाको भावना अभिवृद्धि गर्दै गएको छ। एनपिएलमा विदेशी खेलाडीहरूको बढ्दो सहभागिताले नेपाली खेलाडीहरूलाई अन्तरराष्ट्रिय अनुभव भएका खेलाडीसँग खेल्ने, सिक्ने र आफ्नो क्षमता परीक्षण गर्ने अवसर पनि बिगतका वर्षहरूको तुलनामा यस वर्ष अझ बढन पुग्यो। एनपिएलको माध्यमबाट नेपालका नयाँ तथा प्रतिभाशाली खेलाडीलाई आफ्नो क्षमता देखाउ अवसर पाए। जसको कारण उत्कृष्ट प्रदर्शन गर्ने केही खेलाडीले राष्ट्रिय टोलीमा समेत प्रवेश गर्ने अवसर प्राप्त गरेका छन्।

अन्तरराष्ट्रिय मान्यता

अन्तरराष्ट्रिय क्रिकेट परिषद् (आईसीसी)ले एनपिएलको तेस्रो संस्करणलाई आधिकारिक स्वीकृति दिनु यस पटकको उल्लेखनीय उपलब्धि मान्न सकिन्छ। एनपिएलका क्रममा खेलाडीहरूले लिएको रन तथा विकेटलाई खेलाडीको आधिकारिक टि २० तथ्याङ्कमा उल्लेख गरिएपछि खेलाडीहरू दिर्घकालीन रूपमा लाभान्वित हुन पुगे। यसैगरी यसैपाली लागु गरिएको डिसिजन रिभ्यु सिष्टम डिआरएस प्रविधिले अम्पायरका कयौँ निर्णयसमेत सुधार गर्न सहयोग गर्यो जसले एनपिएल अझ निष्पक्ष र व्यावसायिक बन्दै यसको विश्वसनियता अझ बढ्न गएको महसुस गरिएको छ। एनपिएल सञ्चालन भइरहदा नेपालमा इन्टरनेशनल क्रिकेट काउन्सिल आईसिसीको क्षेत्रीय सम्मेलन आयोजना हुनु अर्को महत्वपूर्ण उपलब्धि हुन पुग्यो। विभिन्न मुलुकका क्रिकेटका उच्च पदाधिकारीहरूको सहभागिता रहेको उक्त सम्मेलनका सिलसिलामा सहभागीहरूले एनपिएलको दोस्रो क्वालिफायर तथा फाइनल खेलको अवलोकन गरी नेपालको क्रिकेटको भविष्यको आंकलन गरेका थिए।

अङ्ग्रेजीमा मात्र कमेण्ट्री

नेपाली क्रिकेटको व्यावसायिक विकास र अन्तरराष्ट्रिय पहिचानको लक्ष्यसहित आयोजना गरिएको एनपिएलमा नेपाली भाषाको टेलिभिजन कमेन्ट्री नहुनु उचित थिएन।आफ्नै देशको घरेलु क्रिकेट प्रतियोगिता हेर्न नेपाली दर्शकहरू अङ्ग्रेजी कमेन्ट्री सुन्न बाध्य भएका थिए। विश्वभरका क्रिकेट प्रेमीहरूका लागि टेलिभिजन प्रत्यक्ष प्रसारण गरिएको भएता पनि नेपाली दर्शकलाई लक्षित गरी नेपाली भाषामा समेत टेलिभिजन प्रसारण गर्न भने आयोजक र प्रसारण अधिकार प्राप्त संस्थाले प्राथमिकता दिनु पर्ने थियो। नेपाली भाषा मात्र बुझ्ने दर्शकहरूले खेलको प्राविधिक पक्ष, रणनीति र खेलाडीको प्रदर्शन सहज रूपमा बुझ्न पाएनन्। नेपाली कमेन्ट्रीले खेलप्रतिको उत्साह, भावनात्मक सम्बन्ध र अपनत्व बढाउँछ। नेपाली क्रिकेटको व्यावसायिक विकास र दर्शक

बाँकी तीन पृष्ठमा

जनकपुरधाम-अयोध्या रेल सञ्चालनले पर्यटन र अर्थतन्त्रमा नयाँ सम्भावना

राजु विश्वकर्मा र अजयकुमार साह
जनकपुरधाम, ६ मंसिर (रासस)।

भगवान् रामको जन्मस्थल मानिने भारतको अयोध्या र माता सीताको जन्मस्थल नेपालको जनकपुरधामलाई रेलमार्गबाट जोड्ने भएपछि जनकपुरधामसहित मिथिलाञ्चल क्षेत्रमा उत्साह छाएको छ। नेपाल र भारतका दुई धार्मिक नगरीबीच सिधा रेल सेवा सञ्चालन हुने भएपछि धार्मिक पर्यटन प्रवर्द्धन, सांस्कृतिक सम्बन्ध विस्तार तथा स्थानीय अर्थतन्त्रको विकासमा नयाँ सम्भावना सिर्जना हुने अपेक्षा गरिएको छ।

नेपालका प्रधानमन्त्री वलेन्द्र शाहको भारत भ्रमणका क्रममा यही मङ्सिर ७ गते नेपाल र भारतका प्रधानमन्त्रीले संयुक्त रूपमा उक्त रेल सेवाको शुभारम्भ गर्ने कार्यक्रम तय भएको उत्तर रेल्वे, लखनउ मण्डल रेल प्रबन्धक कार्यालयद्वारा जारी निमन्त्रणामा जनाइएको छ।

भारतको प्रेस इन्फर्मेसन ब्युरो (पिआईबी), दिल्लीले जारी गरेको सूचनाअनुसार भारतीय रेल्वेले जनकपुरधाम र भारतको उत्तर प्रदेशस्थित अयोध्याबीच साप्ताहिक रूपमा नयाँ रेल सेवा सञ्चालन गर्न औपचारिक स्वीकृति प्रदान गरेको नेपाल रेल्वे कम्पनीका प्रबन्ध सञ्चालक परिवेश पराजुलीले जानकारी दिनुभयो।

उहाँका अनुसार करिब ६०४ किलोमिटर दूरी तय गर्ने उक्त रेल सेवाले विहार र उत्तर प्रदेशका विभिन्न प्रमुख सहर हुँदै जनकपुरधामलाई अयोध्या क्यान्टसँग जोड्नेछ। उहाँले रेल सेवा सातामा एकपटक सञ्चालन हुने बताउनुभयो।

कम्पनीका प्रबन्ध सञ्चालक पराजुलीका अनुसार निर्धारित समयतालिका अनुसार रेल नम्बर १५५९५ प्रत्येक शनिबार दिउँसो १:१० बजे जनकपुरधामबाट प्रस्थान गरी आइतबार बिहान ८:१० बजे अयोध्या क्यान्ट पुग्नेछ। त्यसैगरी रेल नम्बर १५५९६ प्रत्येक सोमबार साँझ ५:५० बजे अयोध्या क्यान्टबाट प्रस्थान गरी मङ्गलबार दिउँसो १२:४० बजे जनकपुरधाम आइपुग्नेछ।

रेलका जयनगर, मधुवनी, सीतामढी, रक्सौल, नरकटियागञ्ज, गोरखपुर, बस्ती, मनकापुर र अयोध्या धाममा व्यावसायिक बिसौनी रहनेछन्। ती स्थानबाट यात्रु चढ्न तथा ओर्लन सक्ने व्यवस्था गरिएको छ।

उत्तर रेल्वे, लखनउ मण्डल रेल प्रबन्धक कार्यालयद्वारा जारी निमन्त्रणाअनुसार अयोध्या रेल्वे स्टेसनमा विशेष कार्यक्रम आयोजना गरी नयाँ वन्दे भारत एक्सप्रेस रेललाई हरियो झण्डा देखाएर सेवा शुभारम्भ गरिनेछ। निमन्त्रणाअनुसार भारतका प्रधानमन्त्री नरेन्द्र मोदी र नेपालका प्रधानमन्त्री बालेन्द्र शाहले भिडियो कन्फरेन्समार्फत सहभागिता जनाउने कार्यक्रम रहेको कम्पनीका प्रबन्ध सञ्चालक पराजुलीले जानकारी दिनुभयो।

होटल तथा पर्यटन व्यवसायी सङ्घ मधेस प्रदेशका अध्यक्ष हिरा गौतमले जनकपुरधाम र अयोध्याबीच रेल सम्पर्क स्थापना हुनु नेपाल र भारतबीचको धार्मिक तथा सांस्कृतिक सम्बन्ध सुदृढ गर्ने महत्वपूर्ण कदम भएको बताउनुभयो। रामनगरीका रूपमा परिचित अयोध्यालाई माता सीतासँग सम्बन्धित जनकपुरधामसँग जोड्दा रामायण सर्किटको प्रवर्द्धनमा सहयोग पुग्ने उहाँले विश्वास व्यक्त गर्नुभयो।

उक्त रेल सेवाबाट दुवै देशका तीर्थयात्री, पर्यटक तथा व्यवसायी लाभान्वित हुने विश्वास व्यक्त गर्दै उहाँले धार्मिक पर्यटनसँगै व्यावसायिक गतिविधि विस्तार हुने अपेक्षा गर्नुभयो।

जनकपुरधाम उद्योग वाणिज्य सङ्घका अध्यक्ष सुरेन्द्र भण्डारीले रेल सेवा सञ्चालनले स्थानीय अर्थतन्त्रमा सकारात्मक प्रभाव पार्ने बताउनुभयो। उहाँका अनुसार जनकपुरधामका होटल, रेस्टुराँ, यातायात, हस्तकला, धार्मिक सामग्रीको व्यापार, रोजगाररीका अवसर सिर्जना तथा पर्यटन व्यवसायमा नयाँ अवसर सिर्जना हुनेछन्।

छनस्अयोध्यामा राममन्दिर निर्माणपछि धार्मिक पर्यटकको आकर्षण बढिरहेको सन्दर्भमा जनकपुरधामलाई रेलमार्गबाट जोड्नसके भारतीय तीर्थयात्रीका लागि नेपाल भ्रमणको महत्वपूर्ण गन्तव्य बन्न सक्ने उहाँले बताउनुभयो।

"जनकपुरधाम आउने नेपाली तथा भारतीय भक्तजनले अयोध्यासम्मको धार्मिक यात्रा सहज रूपमा गर्न पाउनेछन्। यसबाट जनकपुरधाममा पर्यटकको बसाइँ अवधि लम्बाउन र आर्थिगतिविधि थप चलायमान बनाउन सकिन्छ", अध्यक्ष भण्डारीले भन्नुभयो।

उहाँले त्यसका लागि जानकी मन्दिरबाहेक रामायणसँग सम्बन्धित अन्य धार्मिक तथा सांस्कृतिक स्थलको पहिचान, संरक्षण, प्रवर्द्धन र प्रचारप्रसारमा जोड दिनुपर्ने बताउनुभयो। स्तरीय होटल, यातायात सेवा र पर्यटकमैत्री पूर्वाधार विकास गर्नसके रेल सेवाबाट प्राप्त हुने अवसरलाई स्थानीय अर्थतन्त्रसँग जोड्न सकिने उहाँको भनाइ छ।

धनुषाको क्षीरेश्वरनाथ नगरपालिका-५ महेन्द्रनगरका युवा व्यवसायी जीवछ महाशेठले रेल सेवा सञ्चालन भएपछि अयोध्यास्थित राममन्दिरलगायत धार्मिकस्थलको भ्रमण गर्न सहज हुने बताउनुभयो। "यहाँका अधिकांश मानिसले अयोध्या भ्रमण गर्ने अवसर पाउनेछन्। अहिलेसम्म धेरैले अयोध्याको नाम सुने पनि त्यहाँ पुग्न सकेका छैनन्। सिधा रेल सेवा सुरु भएपछि आवतजावत सहज हुनेछ", उहाँले भन्नुभयो।

क्षीरेश्वरनाथ उद्योग वाणिज्य सङ्घका अध्यक्ष सुरेश यादवले अयोध्या जाने सिधा रेल सेवा सञ्चालन हुने जानकारीले आफूहरू उत्साहित भएको बताउनुभयो। यसअघि अयोध्या पुग्न विभिन्न यातायातका साधन प्रयोग गर्नुपर्ने र लामो समय खर्चिनुपर्ने अवस्था रहेकामा रेल सेवा सञ्चालनपछि यात्रा सहज हुने उहाँको भनाइ छ।

होटल तथा पर्यटन व्यवसायी सङ्घ धनुषाका अध्यक्ष रूपेश सिंहले जनकपुरधाम र अयोध्याबीच सञ्चालन हुने विशेष रेल सेवाले दुवै देशका पर्यटकको आवागमन सहज बनाउने विश्वास व्यक्त गर्नुभयो। विशेषगरी भारतका विभिन्न प्रान्तबाट अयोध्या आउने पर्यटकलाई जनकपुरधाम भ्रमण गर्न सहज हुने उहाँले बताउनुभयो।

जनकपुरधाम र अयोध्याबीच प्राचीनकालदेखि धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक सम्बन्ध रहँदै आएको छ। त्रेतायुगमा भगवान् राम र माता सीताको वैवाहिक सम्बन्धसँग जोडिएका यी दुई धार्मिक नगरीलाई रेलमार्गले जोड्दा धार्मिक आस्थासँगै सांस्कृतिक आदानप्रदानमा वृद्धि हुने अपेक्षा गरिएको छ। रेल सेवा सञ्चालनले मिथिलाको कला, संस्कृति, परम्परा, खानपान तथा स्थानीय उत्पादनको प्रचारप्रसारमा सहयोग पुग्ने विश्वास गरिएको छ।

धार्मिक यात्राका लागि आउने पर्यटकलाई जानकी मन्दिर र राममन्दिर दर्शनमा मात्र सीमित नराखी मिथिलाको सांस्कृतिक जीवन, ऐतिहासिक स्थल तथा स्थानीय उत्पादनसँग परिचित गराउनसके स्थानीय व्यवसायले थप लाभ लिन सक्ने पर्यटन व्यवसायीको धारणा छ।

जनकपुरधाममा आयोजना हुने विवाहपञ्चमी, रामनवमी तथा जानकी नवमीलगायत धार्मिक उत्सवलाई अन्तरराष्ट्रिय पर्यटनसँग जोड्नसमेत रेल सेवाले महत्वपूर्ण भूमिका खेल्नसक्ने अपेक्षा गरिएको जनकपुरधाम उद्योग वाणिज्य सङ्घका पूर्वउपाध्यक्ष अम्बुप्रसाद साहले बताउनुभयो। उहाँले नेपाल र भारतबीचको धार्मिक तथा सांस्कृतिक सम्बन्धलाई आर्थिक सहकार्यसँग जोड्ने यो पहलले मधेस प्रदेशको पर्यटन विकास, स्थानीय रोजगारी सिर्जना र व्यापार व्यवसाय विस्तारमा योगदान पुर्याउने विश्वास व्यक्त गर्नुभयो।

एनपिएल क्रिकेटको ...

विस्तारको लक्ष्य राखेको एनपिएलले नेपाली भाषाको प्रसारणलाई प्राथमिकता नदिनु दुखदायी पक्ष मानिएको छ।

अब मोफसलको पालो

एनपिएलका तेस्रो संस्करणसम्म राजधानी काठमाडौँमा भव्य रूपमा सम्पन्न भएका छन्। अब यसलाई विस्तारै राजधानी बाहिरका सहरहरूमा पनि विस्तार गर्दै लैजानु आवश्यक ठानिएको छ। यसो गर्न सकिएको खण्डमा काठमाडौँ उपत्यका बाहिरपनि खेलकुदका पूर्वाधारको विकास हुनुका साथै स्थानीय दर्शक तथा खेलाडीहरू बढी मात्रामा लाभान्वित हुन सक्ने थिए।

कडाइ गरिनु पर्ने विषय

एनपिएलका आगामी संस्करणहरूलाई अझ व्यवस्थित बनाउन एनपिएलमा आबद्ध भएका खेलाडीहरूलाई प्रतियोगिता सम्पन्न नभएसम्म अर्को प्रतियोगिता खेल्न नपाइने नियम कडाइका साथ लागू गरिनुपर्छ। तर एनपिएलको क्यालेण्डर बनाउँदा अन्य सम्भावित प्रतियोगितालाई पनि ध्यान दिनु पर्ने जरुरी देखिन्छ। विगतमा दसैँ र तिहार सक्किएपछि आयोजना गर्ने गरिएको एनपिएल क्रिकेटलाई यसपाली दसैँको उत्तरार्द्धमा अघि सारिएपनि नजिक पर्ने महत्वपूर्ण प्रतियोगितालाई क्यानले उचित प्राथमिकता नदिएको स्पष्ट महसुस देखियो। कतारको राजधानी दोहामा मङ्सिर ३ गतेदेखि सुरु भएको एसिसी मेन्स एसिया कप राईजिङ स्टार्समा एनपिएल नसक्किदै नेपालले खेल टोली पठाउँदा भारत जस्तो क्रिकेटमा स्थापित मुलुकसँग लज्जाजनक रूपमा पराजय भोग्नु पर्यो। क्यानले १५ सदस्यीय खेल टोलीको घोषणा गरेपनि एनपिएलका कारण पाँच जना खेलाडी कतार जान नपाएपछि भारत ए सँग नेपालको खेल प्रदर्शन इतिहासमै कमजोर साबित हुन पुग्यो। क्यानको प्राथमिकता एनपिएलभन्दा मुलुकको प्रतिनिधित्व गर्ने प्रतियोगिता हुनु पर्दथ्यो। दोहामा नेपालका खेल अभैै बाँकी छन्। यसतर्फ क्यानको सचेतता अत्यन्त आवश्यक ठानिएको छ।

नेपाली क्रिकेटको क्यालेण्डर सन् २०२७ मा पनि व्यस्त रहने भएको छ। यस सिलसिलामा नेपालले विभिन्न देशमा थुप्रै प्रतियोगिताहरूले खेल्दैछ क्रिकेटको भूमि अर्थात् होम अफ लर्डसमा नेपालले पहिलो पटक अन्तरराष्ट्रिय खेल खेल्ने अवसर पनि पाउने भएको छ। बङ्गलादेश, स्कटल्याण्ड तथा आयरल्याण्डसँग हुने आगामी खेल नेपालको क्रिकेटलाई अझ परिस्कृत बनाउन महत्वपूर्ण हुने अपेक्षा गरिएको छ।

अन्त्यमा खुसीको खबर

नेपाल प्रिमियर लिगको फाइनलमा सुदूरपश्चिम रोयल्सलाई जितको बधाइ दिनुहुँदै प्रधानमन्त्री वालेन्द्र शाहले सामाजिक सञ्जाल फेसबुकमार्फत खेल क्षेत्रको विकासको लागि गर्नुभएको ऐतिहासिक घोषणा नेपालको खेलकुदको समग्र विकासमै महत्वपूर्ण मानिएको छ।

नेपाल प्रिमियर लिगको छैटौँ संस्करणदेखि होम एन्ड अवे प्रणालीमा प्रतियोगिता सञ्चालन गर्ने गरी सबै आठवटै क्लबका आफ्नै फ्लडलाइटसहितका क्रिकेट रङ्गशाला निर्माण हुने तथा क्रिकेट रङ्गशाला नेपाल सरकार, पूर्वाधार विकास मन्त्रालयले निर्माण गरिदिने भएपछि नेपालको खेलकुद क्षेत्र समग्र रूपमा गौरवान्वित भएको छ। यसक्रममा सुदूरपश्चिमको फाप्ला क्रिकेट रङ्गशालाको निर्माण प्रक्रिया अघि बढिसकेको तथा आगामी तीन महिनाभित्र सबै रङ्गशालाको निर्माण प्रक्रिया अघि बढाइने भएको छ। हाल एनपिएललमा सहभागी क्लबहरूका लागि विभिन्न रङ्गशालाको व्यवस्था गरिने भएको छ। जसअनुसार विराटनगर किङ्ग्सकालागि बैजनाथपुर क्रिकेट रङ्गशाला, लुम्बिनी लायन्सकालागि सिद्धार्थ क्रिकेट रंगशाला,कर्णाली याक्सकालागि सुर्खेत क्रिकेट रङ्गशाला, सुदूरपश्चिम रोयल्सकालागि फाप्ला क्रिकेट रङ्गशाला, काठमाडौँ गुर्खाजकालागि कीर्तिपुर क्रिकेट मैदान, पोखरा एभेन्जर्सकालागि पोखरा क्रिकेट रङ्गशाला, जनकपुर बोल्ट्सकालागि रामजानकी क्रिकेट रङ्गशाला र चितवन राइनोजका लागि गौतमबुद्ध क्रिकेट रङ्गशालामा आवश्यक कार्य गरिने भएको छ। क्रिकेटको व्यावसायिक विकास र विस्तारका लागि आवश्यक पूर्वाधार निर्माणमा सरकारको अग्रसरताले विश्व मानचित्रमा नेपाललाई क्रिकेटको उचित भूमिको रूपमा पहिचान बनाउन स्थापित गर्ने अपेक्षा गरिएको छ।

विश्व समाचार

विषाक्त मदिरा सेवनबाट मृत्यु हुनेको संख्या १६ पुग्यो, ६ सय उपचाररत

नयाँदिल्ली, ६ मङ्सिर (रासस/सिन्ह्वा)।

भारतको उत्तरपूर्वी राज्य मणिपुरमा विषाक्त मदिरा सेवनका कारण मृत्यु हुनेको संख्या १६ पुगेको छ। घटनामा बिरामी परेका करिब ६०० जना विभिन्न अस्पतालमा उपचाररत रहेको अधिकारीहरूले बताएका छन्।

मणिपुरको चन्देल जिल्लास्थित चकपिकारोङ क्षेत्रमा उक्त घटना भएको हो। यो क्षेत्र राज्यको राजधानी इम्फालबाट करिब ७५ किलोमिटर दक्षिणमा पर्दछ।

स्थानीय सरकारी अधिकारीका अनुसार विषाक्त मदिरा सेवनबाट मृत्यु हुनेको संख्या १६ पुगेको छ। भारतको सरकारी प्रसारण संस्था अल इन्डिया रेडियोका अनुसार करिब ६०० जनालाई सरकारी तथा निजी अस्पतालमा भर्ना गरिएको छ।

मणिपुरका वरिष्ठ स्थानीय सरकारी अधिकारी हुन्यो वोरसाङले जिल्ला प्रशासन, प्रहरी, अन्तःशुल्क तथा स्वास्थ्य विभागका टोलीले प्रभावित क्षेत्र र अस्पतालको भ्रमण गरी अवस्थाबारे जानकारी लिएको तथा आवश्यक सहयोग उपलब्ध गराइरहेको बताएका छन्। घटनामा संलग्न रहेको आशंकामा प्रहरीले छ जनालाई पक्राउ गरेको छ।

घटनाको छानबिन गर्न मणिपुर सरकारले उच्चस्तरीय अनुसन्धान समिति गठन गरेको छ। समितिलाई घटनाको कारण पत्ता लगाउन, सम्भावित कमजोरी पहिचान गर्न र आवश्यक कारबाहीका लागि सुझाव दिन एक महिनाभित्र प्रतिवेदन बुझाउन निर्देशन दिइएको छ।

अधिकारीहरूका अनुसार शंकास्पद मदिरामा विषाक्त पदार्थको उपस्थिति रहे-नरहेको पत्ता लगाउन नमुना संकलन गरी फरेन्सिक परीक्षणका लागि पठाइएको छ।

यसैबीच, सम्भावित विषाक्त मदिरा सेवनबाट मृत्यु तथा बिरामी हुने घटना बढेपछि मणिपुरको स्वास्थ्य विभागले सार्वजनिक स्वास्थ्यसम्बन्धी सचेतना सूचना जारी गरेको छ।

विभागले सबै सरकारी तथा निजी स्वास्थ्य संस्थालाई सतर्क रहन, बिरामीलाई तत्काल उपचार उपलब्ध गराउन, आवश्यक परे अन्य अस्पतालमा पठाउन तथा शंकास्पद घटनाको विवरण अनिवार्य रूपमा उपलब्ध गराउन निर्देशन दिएको छ।

गाजामा तीन लाख ५० हजार परिवार आवासविहीन, ४ लाख १० हजार घरमा क्षति

गाजा, ६ मङ्सिर (रासस/सिन्ह्वा)।

इजरायल-हमास द्वन्द्वका कारण गाजा क्षेत्रमा तीन लाख ५० हजार परिवार तत्काल आवासको आवश्यकतामा रहेको प्यालेस्टिनी अधिकारीहरूले बताएका छन्।

हमासद्वारा सञ्चालित सार्वजनिक निर्माण तथा आवास मन्त्रालयले शनिबार जारी गरेको विज्ञप्तिमा द्वन्द्वका क्रममा करिब चार लाख १० हजार आवासीय एकाइमा क्षति पुगेको जनाएको छ। तीमध्ये तीन लाख ३५ हजार पूर्ण रूपमा ध्वस्त भएका छन् भने ७५ हजार बस्नै नमिल्ने अवस्थामा पुगेका छन्।

मन्त्रालयका अनुसार गाजा क्षेत्रका करिब ८० प्रतिशत भवनमा क्षति पुगेको छ भने समग्र पूर्वाधारको करिब ९० प्रतिशत नष्ट भएको छ।

आवासको तत्काल आवश्यकता रहेका तीन लाख ५० हजार परिवारमध्ये दुई लाख ७० हजार परिवार तीन वर्षभन्दा लामो समयदेखि आधारभूत सुविधाविनै पालमा बस्दै आएका छन्।

वर्षायाम सुरु भएसँगै सात हजार ५०० परिवार बाढीको जोखिममा रहेको मन्त्रालयले जनाएको छ। तीमध्ये दुई हजार ५०० परिवारलाई तत्काल सुरक्षित स्थानमा स्थानान्तरण गर्नुपर्ने अवस्था छ।

मन्त्रालयका अनुसार प्रतिकूल मौसम थप गम्भीर हुनुअघि करिब दुई लाख पुराना तथा जीर्ण पाल तत्काल विस्थापित गरी नयाँ पाल उपलब्ध गराउनुपर्ने आवश्यकता छ।

यसका लागि मन्त्रालयले अन्तर्राष्ट्रिय समुदायलाई आवास सामग्री आपूर्तिका लागि विशेष मानवीय सहायता मार्ग स्थापना गर्न आग्रह गरेको छ।

त्यस्तै, भग्नावशेष हटाउन र सडक पुनः सञ्चालन गर्न आवश्यक भारी उपकरण, इन्धन तथा स्पेयर पार्ट्स गाजामा भित्र्याउन पनि उसले माग गरेको छ।

मन्त्रालयले प्रभावित नागरिकको सम्पत्ति अधिकार सुरक्षित हुने गरी पारदर्शी तथ्याङ्कमा आधारित स्थायी आवास पुनर्निर्माण कार्यक्रम सञ्चालन गर्नसमेत अन्तर्राष्ट्रिय समुदायको ध्यानाकर्षण गराएको छ।

पाकिस्तानको बलुचिस्तानमा सुरक्षा कारबाहीमा १५ लडाकु मारिए

इस्लामाबाद, ६ मङ्सिर (रासस/सिन्ह्वा)।

पाकिस्तानको दक्षिणपश्चिमी प्रान्त बलुचिस्तानको मस्तुङ जिल्लामा शनिबार गरिएको दुई छुट्टाछुट्टै सुरक्षा कारबाहीमा १५ जना लडाकु मारिएका छन्।

सुरक्षा स्रोतका अनुसार पहिलो कारबाहीमा पाँच जना लडाकु मारिएका थिए भने दोस्रो कारबाहीमा थप १० जना मारिएका हुन्।

कारबाहीका क्रममा लडाकुका विभिन्न आश्रयस्थलसमेत ध्वस्त पारिएको सुरक्षा स्रोतले जनाएको छ। साथै, घटनास्थलबाट ठूलो परिमाणमा हतियार तथा गोलीगट्ठा बरामद गरिएको बताइएको छ।

पाकिस्तानी सुरक्षा बलले सञ्चालन गरेका यी कारबाही मस्तुङ जिल्लाका छुट्टाछुट्टै स्थानमा भएका थिए। यद्यपि, मारिएका लडाकुको पहिचान तथा उनीहरू कुन समूहसँग सम्बन्धित थिए भन्नेबारे स्रोतले थप विवरण सार्वजनिक गरेको छैन।

बलुचिस्तान पाकिस्तानको दक्षिणपश्चिमी क्षेत्रमा अवस्थित प्रान्त हो। उक्त क्षेत्रमा लामो समयदेखि विद्रोही समूहका गतिविधि हुँदै आएका छन्।

प्रधानमन्त्री शाह नयाँदिल्लीमा, राज्यमन्त्री जितिनद्वारा स्वागत

कमलकुमार बस्नेत
नयाँदिल्ली (भारत), ६ मंसिर (रासस)।

प्रधानमन्त्री वालेन्द्र शाह दुईदिने राजकीय भ्रमणका लागि भारतको नयाँदिल्ली आइपुग्नुभएको छ।

प्रधानमन्त्री शाह नेपाल एयरलाइन्सको नियमित उडानबाट आइतबार दिउँसो स्थानीय समयअनुसार ३:१५ बजे इन्दिरा गान्धी अन्तरराष्ट्रिय विमानस्थल अवतरण गर्नुभयो। उहाँलाई विमानस्थलमा भारत सरकारका वाणिज्य तथा उद्योग राज्यमन्त्री जितिन प्रसादले स्वागत गर्नुभयो।

त्यस अवसरमा भारतका लागि नेपालका राजदूत डा निश्चलनाथ पाण्डे, नेपालका लागि भारतीय राजदूत सुधाकर दलेला, भारतका विदेश मन्त्रालयका अतिरिक्त सचिव मुनु महावार र नयाँ दिल्लीस्थित नेपाली दूतावासका वरिष्ठ अधिकारी लगायतको उपस्थिति थियो।

प्रधानमन्त्री शाह भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको मैत्रीपूर्ण निमन्त्रणामा भारत भ्रमणमा आउनुभएको हो। प्रधानमन्त्रीको स्वागतमा विमानस्थलमा विभिन्न झाँकी प्रस्तुत गरिएको थियो।

प्रधानमन्त्री शाहको भ्रमण टोलीमा अर्थमन्त्री डा स्वर्णिम वाग्ले, परराष्ट्रमन्त्री शिशिर खनाल, प्रधानमन्त्रीका मुख्य सल्लाहकार, राजनीतिक सल्लाहकारलगायत उच्चपदस्थ सरकारी अधिकारी, व्यवसायी र पत्रकारलगायत हुनुहुन्छ।

भ्रमणका क्रममा प्रधानमन्त्री शाहले भारतका राष्ट्रपति द्रौपदी मुर्मुसँग शिष्टाचार भेट गर्नुहुनेछ। साथै उहाँका भारतीय समकक्षी नरेन्द्र मोदीसँग यही मङ्सिर ७ गते प्रतिनिधिमण्डलस्तरीय वार्ता गर्नुहुने तालिका छ।

भ्रमणका क्रममा दुई देशबीच सम्पर्क सञ्जाल विस्तार तथा ऊर्जा सहकार्यसम्बन्धी विभिन्न सम्पन्न परियोजनाको उद्घाटन गर्ने कार्यक्रम छ। यस्तै, नयाँ परियोजनाको शिलान्यास गर्ने कार्यक्रम रहेको परराष्ट्र मन्त्रालयले जनाएको छ।

भ्रमणका क्रममा दुवै देशका उच्च सरकारी नेतृत्वबीच व्यापार, पारवहन, लगानी, ऊर्जा, सम्पर्क सञ्जाल तथा पूर्वाधार विकासलगायतका क्षेत्रमा आर्थिक सहकार्य अभिवृद्धि गर्ने विषयमा छलफल हुनेछ।

यस्तै, सहकार्यका विविध क्षेत्र शिक्षा, स्वास्थ्य, कृषि, खेलकुद, विपद् व्यवस्थापन, मानवसंशाधन विकासजस्ता विषय समेटिएका विभिन्न समझदारीपत्र (एमओयु) आदानप्रदान गरिनेछन्। यसबाट दुवै देशका प्राथमिकताप्राप्त क्षेत्रमा आपसी सहकार्य थप विस्तार हुने जनाइएको छ।

भ्रमणको पहिलो दिन आइतबार प्रधानमन्त्री शाहसँग भारतीय विदेशमन्त्री डा एस जयशङ्करले साँझ ६:०० बजे शिष्टाचार भेट गर्ने कार्यक्रम छ। प्रधानमन्त्री शाह सोमबार नयाँदिल्लीको राजघाटस्थित महात्मा गान्धीको समाधिस्थलमा गई श्रद्धासुमन अर्पण गर्ने कार्यक्रम छ।

प्रधानमन्त्री शाह भारतको राजकीय भ्रमण सम्पन्न गरी यही मङ्सिर ७ गते साँझ १८:३५ बजे नेपाल एयरलाइन्सको नियमित उडानबाट स्वदेश फर्कनुहुने तालिका छ।

ब्राउन सुगरसहित दुई पक्राउ

दैनिक समाचारदाता
सिरहा, ६ मंसिर।

सिरहाको मिर्चैयाबाट प्रतिबन्धित लागुऔषध ब्राउन सुगरसहित दुई युवक पक्राउ परेका छन्।

मिर्चैया नगरपालिका ६ स्थित मिर्चैया-कटारी सडक खण्डमा रहेको होलिडे होटल अगाडिबाट शनिबार साँझ मोटसाइकल चालक धनगढीमाई नगरपालिका ५ जयपुरका २४ वर्षीय दिलीपकुमार सिंह र पछाडी सवार सोही स्थानका २८ वर्षीय रज्जितकुमार सिंह दनुवारलाई प्रहरीले पक्राउ गरेको हो।

दुवै जनाको तलासी लिने क्रममा रज्जितले लगाएको जिन्स पाइन्टको दाहिने खल्तीबाट कालो प्लास्टिकका तीन वटा पोका फेला परेका थिए। ती पोकामा ब्राउन सुगर जस्तो देखिने पदार्थ रहेको प्रहरीले जनाएको छ। बरामद पदार्थ ४०.४१० ग्राम रहेको र उनीहरूको साथबाट इन्फिनिक्स र आइफोन कम्पनीका एक-एक थान मोबाइल समेत प्रहरीले बरामद गरेको छ।

लागुऔषध नियन्त्रण ब्युरो शाखा कार्यालय बर्दिबास र इलाका प्रहरी कार्यालय मिर्चैयाबाट खटिएको संयुक्त प्रहरी टोलीले मिर्चैयाबाट कटारीतर्फ जाँदै गरेको प्रदेश ०१-००५ प ९१२४ नम्बरको मोटरसाइकल रोकेर जाँच गर्ने क्रममा उनीहरू पक्राउ परेको प्रहरीले जनाएको छ।

बरामद लागुऔषध र मोबाइलसहित दुवै जनालाई नियन्त्रणमा लिएर इलाका प्रहरी कार्यालय मिर्चैयामा राखिएको र घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

गाँजासहित सवारीचालक प्रहरी नियन्त्रणमा

दैनिक समाचारदाता
सुनसरी, ६ मंसिर।

जिल्ला प्रहरी कार्यालय सुनसरीले पाँच क्विन्टल गाँजासहित स्कारपियो चालकलाई नियन्त्रणमा लिएको छ।

विराटनगर महानगरपालिका १३ का स्कारपियो चालक अजयकुमार साहलाई नियन्त्रणमा लिएको हो। भेडेटारबाट धरानतर्फ आइरहेको बीआर११ वाई ३०३९ भारतीय नम्बर प्लेटको स्कारपियोलाई प्रहरीले धरान २ भानुचोकमा रोक्न खोज्दा भागेपछि सेउती पुलबाट निजलाई नियन्त्रणमा लिएको इलाका प्रहरी कार्यालय धरानका प्रमुख भिष्णुबाबु राईले जानकारी दिए।

उक्त सवारी साधन चेक जाँच गर्दा १६ वटा कालो बोरामा राखिएको चार क्विन्टल ९९ किलो गाँजा बरामद भएको थियो। चालक साह र बरामद भएको सवारी साधनलाई नियन्त्रणमा लिएर अनुसन्धान गरिरहेको प्रहरीले जनाएको छ।

अग्निपीडितलाई राहत प्रदान

दैनिक समाचारदाता
राजविराज, ६ मंसिर।

सप्तरीको तिलाठी कोइलाडी गाउपालिका वडा नं ३ सकरपुराका अग्निपीडित परिवारलाई गाउँपालिकाले आइतबार राहत प्रदान गरेको छ।

स्थानीय हरिहर मुखियाको गुहालीमा कात्तिक ४ गते राति घुरबाट आगलागी हुँदा एउटा गाई, एउटा बाच्छा र तीनवटा बाख्रा मरेको थियो।

उक्त परिवारलाई २५ किलो चामल, ३ किलो मुरही, २ किलो दाल, १ किलो नुन, १ लिटर खाने तेल र एक थान त्रिपाल गाउपालिकाले राहत प्रदान गरेको हो।

गाउँपालिका अध्यक्ष अरुण कुमार मण्डल, कार्यपालिका सदस्य रिता साह, वडा सदस्य अमोद झा, जिन्सी शाखा प्रमुख शैलेश मिश्र, कृषि शाखा प्रमुख उमेश मण्डलको उपस्थितिमा उक्त राहत प्रदान गरिएको विपद् व्यवस्थापन अधिकृत राजेश झाले जानकारी दिए।

"सर्वदलीय सरकार ...

दललाई सहभागी गराई सर्वदलीय सरकार बनाउने जनाए।

मुख्यमन्त्री यादवले भने, "मेरो नेतृत्वको सरकारमा सबै दल सहभागी हुन्छ भने मलाई विश्वास छ।" निर्धारित समयभित्रै प्रदेशसभाबाट विश्वासको मत प्राप्त हुने उनले विश्वास व्यक्त गरे।

दसौं राष्ट्रिय खेलकुदको खेलस्थल तालिका सार्वजनिक

कर्णाली, ६ मंसिर (रासस)।

यही मङ्सिर १६ देखि २७ गतेसम्म सञ्चालन हुने दसौं राष्ट्रिय खेलकुद प्रतियोगितामा समावेश ३२ खेलको प्रतियोगितास्थल सार्वजनिक गरिएको छ।

राष्ट्रिय खेलकुद परिषद्ले आइतबार सार्वजनिक गरेको विवरणमा एथ्लेटिक्स, महिला र पुरुष क्रिकेट, ह्यान्डबल, बास्केटबल, रग्बी, सेपकताक्रो, हक्की, भलिबल, कबड्डी सुर्खेतमा सञ्चालन हुने उल्लेख छ।

त्यस्तै, कराते, ब्याडमिन्टन, फुल कन्ट्याक्ट कराते, टेबुल टेनिस, उसु, तेक्वान्दो, जिम्न्याष्टिक, बक्सिङ, स्क्वास, आर्चरी, भारत्तोलन, साइक्लिङ, इस्पोर्टस् पनि सुर्खेतकै विभिन्न स्थानमा सञ्चालन हुने परिषद्का सदस्यसचिव रामचरित्र मेहत्ताले जानकारी दिनुभयो।

उहाँका अनुसार, टेनिस, महिला तथा पुरुष खो-खो (बर्दिया), पौडी र सुटिङ (नेपालगञ्ज) हुनेछ।

त्यस्तै, जुडो र कुस्ती (सल्यान), आइटिएफ तेक्वान्दो (दैलेख), महिला तथा पुरुष फुटबलको सेमी र फाइनल खेल (जुम्ला), बुद्धिचाल (कालीकोट), शारीरिक सुगठन (पश्चिम रुकुम)मा हुनेछ।

सदस्यसचिव मेहत्ताका अनुसार सुर्खेतमा २२, सल्यानमा दुई, जुम्ला, कालीकोट, दैलेख र रुकुमपश्चिममा एक/एक खेल हुनेछन्।

त्यस्तै, बाँके र बर्दियामा दुई/दुई खेल सञ्चालन गरिनेछ। केही खेल यही मङ्सिर ८ गतेदेखि सुरु हुने भए पनि प्रतियोगिताको औपचारिक समुद्घाटन भने यही मङ्सिर १६ गते गरिने छ।

प्रतियोगितामा ६ हजार खेलाडी र तीन हजार अफिसियल्स गरी करिब नौ हजारको सहभागिता रहने आयोजकले जनाएको छ।

कर्णाली प्रदेश खेलकुद विकास परिषद्का सदस्यसचिव रवीन्द्र चन्दले प्रतियोगिताको तयारी अन्तिम चरणमा पुगेको बताउनुभयो।

उहाँका अनुसार प्रतियोगितालाई व्यवस्थित र प्रभावकारी तुल्याउन आयोजक मूल समारोह समितिसहित विभिन्न १४ वटा समिति गठन गरिएको छ।

मैथिली भाषाको ...

सतीशकुमार दत्त, पूर्वउपाध्यक्ष रामनारायण देव, नेपाल पत्रकार महासंघका अध्यक्ष श्रवणकुमार देव तथा पूर्वअध्यक्षद्वय मुरलीप्रसाद यादव र प्रकाश खतिवडाले महाकवि विद्यातिप्रति श्रद्धाञ्जली अर्पण गर्दै उहाँको साहित्यिक योगदानको चर्चा गरे।

मैथिली साहित्य परिषद्का अध्यक्ष अवधेश कुमार झाको अध्यक्षतमा आयोजित कार्यक्रममा मैथिल महिला परिषद्का अध्यक्ष मालती चौधरी, सेवानिवृत शिक्षिका मञ्जु श्रेष्ठ, सामाजिक अभियन्ता इ. सूर्यनारायण यादव र डा. सूर्या यादव लगायतले मैथिली भाषा र साहित्यको विकासमा परिषद्ले निर्वाह गर्नुपर्ने भूमिका तथा विद्यापतिको योगदानबारे धारणा राखे।

वक्ताहरुले विद्यापति स्मृति पर्वलाई औपचारिक श्रद्धाञ्जलीमा मात्र सीमित नराखी मैथिली भाषा, साहित्य र संस्कृतिको संरक्षण तथा प्रवर्द्धनका लागि सामूहिक प्रतिबद्धता व्यक्त गर्ने अवसरका रूपमा उपयोग गर्नुपर्नेमा जोड दिएका थिए।

मानव अधिकारको सम्मान गरौं

- मानव अधिकार जन्मसिद्ध र नैसर्गिक अधिकार हो,
- मानव अधिकार व्यक्तिको जीवन, स्वतन्त्रता र मर्यादासँग सम्बन्धित हुन्छ,
- मानव अधिकारको उल्लंघन भएमा सम्बन्धित निकायमा उजुरी गरौं।



नेपाल सरकार
विज्ञापन बोर्ड

प्रकाशक/सहसम्पादक : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **लेआउट** : संजय शंखर
मुद्रण : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : rajbirajdainik@gmail.com, **वेवसाइट** : rajbirajdainik.com.np